मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- कृषिः २०८०/८१
चलानी नं. :-

## बिज वृद्धि कार्यक्रम सञ्चालन सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८०/११/१६

मन्थली नगरपालिकाको चालु आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साझेदारीमा बीज वृद्धि प्रवर्द्धन** कार्यक्रम अन्तर्गत धान बालीको उन्नत बीउ उत्पादन कार्यक्रम सञ्चालन हुने भएकोले यस कार्यालयमा दर्ता/सूचिकृत भएका, बीउ उत्पादन गरि रहेका र उत्पादन गर्न इच्छुक कृषि फर्म/कम्पनी, कृषक समूह र कृषि सहकारी संस्थाहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०८०/११/३० गते) भित्र कार्यालय समयमा आवश्यक कागजातहरु सहित यस मन्थली नगरपालिकाको कृषि विकास उपशाखामा आवेदन दिनु हुन सूचित गरिन्छ।

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | अनुदानको विवरण |
|---|---|---|---|---|
| १ | धान बालीको मूल बीउ, बीउ उत्पादन तथा भण्डारण र बिक्रीका लागि प्रयोग हुने सामग्रीहरु खरिद | पटक | १ | लागत साझेदारी ५० प्रतिशत वा बढीमा रु. १ लाख। |

आवश्यक कागजातहरुः

१. बीउको जात र परिमाण उल्लेखित निवेदन।
२. संस्था दर्ता/नविकरण प्रमाण-पत्र प्रतिलिपि।
३. संस्थागत निर्णयको प्रतिलिपि।
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि (निवेदकको)।
५. पान नम्बर, कर चुक्ता विवरण वा रसिद।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. बीउ उत्पादन तथा बिक्री इजाजत पत्रको प्रतिलिपि।
८. न्यूनतम ४० रोपनी क्षेत्रफल जग्गाको कित्ता नं. उल्लेखित चक्लाबन्दी विवरण, जग्गाधनी पुर्जाको प्रतिलिपि र बीउ उत्पादनको लागि आवश्यक पूर्वाधारको विवरण।

प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी